## पाठ ६१

१. गोठालाले राति कसरी उसका भेडाको हेरचाह गर्थ्यो ?
- रात पर्नुभन्दा पहिल्यै गोठालाले गोठको वरिपरि ढुङ्गा वा काँडाको बार लगाउँथ्यो र एकतिर ढोकाजस्तो बनाइराख्थ्यो ।

२. जब बार बनाइसक्थ्यो तब ऊ आफ्ना भेडालाई त्यसभित्र बोलाउँथ्यो त्यसोभए भेडा गोठालाहरू कहाँ सुत्थे ?
- खुला आकासमुनि ।

३. भेडा गोठालाहरू किन खुला आकासमुनि सुत्थे ?
- बारभित्र रहेका भेडाहरूको सुरक्षाको खातिर ।

४. येशूले म भेडाहरूको ढोका हुँ भन्नुको मलतब के हो ?
- येशूले भन्न खोज्नुभएको यही हो कि उहाँनै त्यस्तो मार्ग हो जसद्वारा मात्रै हामी मृत्युबाट बचाइन्छौं ।

५. येशूका भेडाहरू को हुन् ?
- तिनीहरू जसलाई तिनीहरूको पापले मृत्युलाई डाक्छ भन्ने थाहा छ र तिनीहरूले बचाउनको निम्ति येशूलाई आह्वान गर्छन् ।

६. केही मानिसहरू परमेश्वरकहाँ जाने धेरै ढोकाहरू छन् भन्छन्, के यो साँचो हो ?
- होइन, यो कुरा झूठो हो ।

७. नोआको डुङ्गामा भएको एउटा ढोकाले कसरी हामीलाई येशूको याद दिलाउँछ ।
- जसरी नोआको डुङ्गामा एउटा मात्रै ढोका थियो त्यसरी नै येशू मात्रै आत्मिक जीवनको एक ढोका हुनुहुन्छ ।
- जसरी त्यही एकद्वारबाट भित्र ढुङ्गामा पसेकाहरू मृत्युबाट बचाइए त्यसरी नै येशूमा विश्वास गर्नेहरू मृत्युबाट बचाइनेछन् ।

८. त्यो कुन चोर हो जो मार्न र चोर्न र खतम पार्न मात्रै आउँछ ।
- शैतान ।

९. येशूले भन्नुभयो कि उहाँ उहाँका भेडाहरूलाई धेरै माया गर्नुहुन्छ, उहाँले आफ्ना भेडाहरूको निम्ति के गर्न सक्छु भन्नुभयो ?

- येशू तिनीहरूका निम्ति मर्ने इच्छा देखाइरहनुभएको थियो ।

- एकदिन येशूको लाजरस नाउँ गरेको बेथानीमा बस्ने साथी बिरामी भयो ।

आउनुस् यूहन्ना ११:१-६ पद पढौं ।

त्यहाँ लाजरस नाउँ गरेका एकजना मानिस थिए जो बिमार थिए। उनी बेथानी भन्ने शहरमा बस्थे।
यो त्यो शहर थियो जहाँ मरियम र उनको बहिनी मार्था बस्थे। 2 मरियम त्यही नारी थिईन् जसले
प्रभुलाई अत्तर लगाई दिएकी थी र आफ्ना कपालले उहाँको खुट्टा पुछेकी थिई। लाजरस मरियमको
भाइ हुन्। जो हालमा बिमार थिए। 3 मरियम र मार्थले येशूकहाँ समाचार पठाए, "हे प्रभु, तपाईंको
प्रिय मित्र लाजरस बिमार छ।" 4 जब येशूले त्यस्तो सुन्नुभयो, उहाँले भन्नुभयो, "यो बिमारले
उसलाई मृत्यु गराउनेछैन। तर यो बिमारी परमेश्वरको महिमाका निम्ति हो। यस्तो घट्ना
परमेश्वरको पुत्रको महिमा ल्याउनलाई भएको छ।" 5 येशूले मरियम, मार्था र लाजरसलाई प्रेम गर्नु
भयो। 6 जब येशूले लाजरसको बिमारीको विषयमा सुन्नु भयो, उहाँ जहाँ हुनुन्थ्यो त्यहाँ अझ दुइ
दिन सम्म बस्नु भयो।

- जब लाजरस बिरामी भयो उसका दिदीहरू मेरी र मार्थाले येशूलाई खबर पठाए जो त्यतिखेर बेथानीभन्दा धैरै टाढा बस्नुहुन्थ्यो ।

- लाजरसको बिरामी बारे येशूले के भन्नुभयो ?

- येशूले भन्नुभयो कि येशूको बिमारी मृत्युमा गएर सकिँदैन तर त्यसले परमेश्वरको महिमा हुनेछ ।

- यद्यपि येशूले लाजरस बिरामी छ भनी सुन्नुभयो तर उहाँ भने आफू बसिरहेको ठाउँमा अरू दुई दिन बस्नुभयो ।

- जब येशूले लाजरस बिरामी छ भनी सुन्नुभयो तब किन उहाँ तुरुन्तै उसलाई भेट्न जानुभएन ?

- किनभने उहाँ आफ्नो उद्धारकर्ता परमेश्वरको शक्तिशाली शक्ति देखाउन चाहनुहुन्थ्यो ।

- के येशू लाजरसको बिमारी दूरबाटै निको पार्न सक्नुहुन्थ्यो ।
- सक्नुहुन्थ्यो ।

- त्यसको केही समय पछि येशूले उहाँका चेलाहरूलाई यसो भन्नुभयो ।

आउनुस् यूहन्ना ११:७-८ र ११-१६ पद पढौं ।

7 तब येशूले उहाँका चेलाहरूलाई भन्नुभयो, “हामी यहूदिया जानु पर्छ।” 8 चेलाहरूले उत्तर दिए, “तर
गुरूज्यू यहूदियामा यहूदीहरू तपाईंलाई ढुंगाले हिर्काउन चाहन्छन्। जो केही अघि भएको थियो।
तपाईं त्यहाँ किन जानु चाहनु हुन्छ?”

11 येशूले ती कुराहरू भनिसके पछि, उहाँले भन्नुभयो, “हाम्रा मित्र लाजरस सुतिरहेछन्। तर म त्यहाँ
उसलाई उठाउनँ जानेछु।” 12 चेलाहरूले उत्तर दिए, “हे प्रभु यदि ऊ सुतेको हो भने, ऊ निको हुनेछ।”
13 येशूको मतलब थियो लाजरस मरिसकेको थियो भनेर। तर चेलाहरूले भुझे कि उहाँले भन्नु
भएको अर्थ उनी स्वाभाविक निद्रामा थिए। 14 त्यसपछि येशूले स्पष्ट प्रकारले भन्नु भयो, “लाजरस
मरिसक्यो। 15 अनि म खुशी छु कि म त्यहाँ थिइनँ। म तिमीहरूको लागि खुशी छु किनभने
तिमीहरूले ममा विश्वास राख्नेछौ अब हामी उनीकहाँ जाँऊ।” 16 तब थोमाले (जसलाई “दिदिमस”
भनिन्थ्यो) अन्य चेलाहरूलाई भने, “हामी पनि जानेछौं अनि येशूसँगै यहूदियामा मर्नेछौं।”

- जब येशूले चेलाहरूलाई उहाँ यहूदा गइरहनुभएको छ भने तब चेलाहरू किन डराए ?

- किनभने यहूदाका यहूदीहरूले येशूलाई ढुङ्गा हान्न कोशिस गरिरहेका थिए ।

- जब येशूले चेलाहरूलाई लाजरस मरेका थिए भन्नुभयो तिनीहरूले बुझेनन् ।

- चेलाहरूले विचार गरे कि येशूले यहूदी अगुवाहरूलाई आफूमाथि ढुङ्गा हान्न दिनुहुनेछ र लाजरसलाई भेट्न जानुहुनेछ ।

- तर येशूले भन्नुभएको कुरा यो थिएन ।

- जब येशू र उहाँका चेलाहरू बेथानी गए त्यहाँ के भयो ?

आउनुस् यूहन्ना ११:१७-२२ पद पढौं ।

17 येशू बेथानीमा आइपुग्नु भयो। त्यहाँ येशूले लाजरस पहिल्यै मरिसकेको र चार दिन देखि
चिहानमा परेको चाल पाउनु भयो। 18 बेथानी यरूशलेमको नजीक प्रायः तीन किलोमीटर टाढामा

थियो। [19] धेरै यहूदीहरू मार्था र मरियम कहाँ आएका थिए। यहूदीहरू उनीहरूलाई भाइ लाजरसको मृत्युमा सान्तवना दिनलाई आएका थिए।

[20] मार्थाले सुनी कि येशू तिनीहरूलाई भेट्न आई रहनु भएकोछ। तिनी येशूलाई अभिनन्दन गर्नु गइन्। तर मरियम चाँहि घरमा नै बसी। [21] मार्थले येशूलाई भनी, "प्रभु, यदि तपाईं यहाँ हुनु भएको भए, मेरा भाइ मर्ने थिएन। [22] तर अहिले पनि म जान्दछु कि तपाईंले परमेश्वरसँग जे मागे पनि उहाँले तपाईंलाई दिनु हुनेछ।"

- लाजरसकी दिदी मार्थाले येशूलाई के भनिन् ?

- मार्थाले यही भनिन् कि यदि येशू यहाँ हुनुहुन्थ्यो भने लाजरस मर्नेथिएन ।

- मार्थाले यही सोचिन् कि यदि येशू लाजरस नमर्दै आउनुभएको भए उहाँले त्यसलाई निको पार्नुहुनेथियो ।

- त्यसपछि येशूले मार्थालाई के भन्नुभयो ?

आउनुस् यूहन्ना ११:२३-२४ पद पढौं ।

[23] येशूले भन्नुभयो, "तिम्रो भाइ जीउँदो हुनेछ।" [24] मार्थाले उत्तर दिइन, "म जान्दछु कि ऊ फेरि जाग्ने छ र जीउँदो हुनेछ जब मानिसहरू अन्तिम दिनमा पुनरूत्थान हुनेछन्।"

- येशूले मार्थासँग तिनको भाइलाई आफूले मृत्युबाट फेरि जीवित पार्न लागेको भन्नुभयो ।

- के मार्थाले यो कुरा बुझिन् ?
- बुझिनन् ।

- मार्थाले सोचिन् कि येशूले तिनको भाइलाई अन्तको दिनमा जीवित पार्नुहुनेछ ।

- के येशूले भन्नुभएको कुरा यही थियो ?
- थिएन ।

- मार्थाले येशूलाई भनिन् कि अन्तको दिनमा लाजरस जीवित पारी उठाइनेछ भनी तिनलाई थाहा छ ।

- मार्थाले अन्तको दिनमा भन्नुको अर्थ के हो ?

- अन्तको दिन भनेको त्यो समय हो जो समयमा मरिगएकाहरू फेरि एकचोटि चिहानबाट उठ्नेछन् ।

- अन्तको दिनमा परमेश्वरले सुतिगएकाहरू सबैलाई तिनीहरूको कामको निसाफ गर्न उहाँको सामुन्ने लग्नुहुनेछ ।

- अन्तको दिनमा परमेश्वरले सबै मानिसको तिनीहरूले गरेका पापको कामका आधारमा न्याय गर्नुहुनेछ ।

- येशूले मार्थालाई के जवाफ दिनुभयो ।

आउनुस् यूहन्ना ११:२५ पद पढौं ।

25 येशूले उनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ। जुन मानिसले ममा विश्वास गर्दछ ऊ मरे पनि उसले जीवन पाउने छ।

- येशूले मार्थालाई के भन्नुभयो ?

- येशूले भन्नुभयो पुनरुत्थान र जीवन उहाँ नै हुनुहुन्छ ।

- येशूले मार्थालाई यही भनिरहनुभएको थियो कि लाजरसले मरेकाहरूबाट ब्यूँतिन अब अन्तको दिनसम्म कुरिराख्नु पर्दैन ।

- लाजरसले किन मरेकाहरूबाट ब्यूँतिन अन्तको दिनसम्म कुरिराख्नुपर्दैनथ्यो ?

- किनभने येशू त्यहाँ हुनुहुन्थ्यो र येशू नै पुनरुत्थान र जीवन हुनुहुन्छ ।

- येशूसँग मरिगएकाहरूलाई समेत जीवन दिने शक्ति छ ।

- के शैतान र उसका सहयोगीहरूले मरेकाहरूलाई जीवन दिन सक्छन् ?

- सक्दैनन् ।

- के स्वर्गदूतहरूले मरेकाहरूलाई जीवन दिन सक्छन् ?
- सक्दैनन् ।

- कसले मात्रै मरेकाहरूलाई जीवन दिन सक्नुहुन्छ ?

- येशूले जो परमेश्वर हुनुहन्छ ।
- येशूले त्यसपछि मार्थालाई के भन्नुभयो ?

आउनुस् यूहन्ना ११:२५ख-२६ पद पढौं ।

जुन मानिसले ममा विश्वास गर्दछ ऊ मरे पनि उसले जीवन पाउने छ। [26] अनि जुन मानिस ममा बाँच्छ अनि ममा विश्वास गर्छ उ वास्तवमा कहिल्यै मर्ने छैन। मार्था, तिमी यसमा विश्वास गर्छ्यौ?"

- येशूले भन्नुभयो जसले उहाँमा विश्वास गर्छ उसले मरेता पनि जीवित रहनेछ ।

- मरिसकेपछि पनि मानिस कसरी जीवित रहन सक्छ ?

- येशूले भन्नुभएको कुराको अर्थ के हो ?

- येशूले भन्नुभएको यही हो कि जसले येशूमा विश्वास गर्छ त्यसको शारीरिक मृत्यु भएतापनि त्यो परमेश्वरमा मर्ने छैन ।

- येशूले यही भनिरहनुभएको थियो कि जसले उहाँमा विश्वास गर्छ उसको शरीर मरेता पनि उसको आत्मा परमेश्वरसँग निवास गर्न स्वर्गमा जानेछ ।

- त्यसपछि मार्थाले येशूलाई के जवाफ दिइन् ?

आउनुस् यूहन्ना ११:२७ पद पढौं ।

[27] मार्थाले उत्तर दिई, "हो, प्रभु म विश्वास गर्छु तपाईं नै ख्रीष्ट हुनुहुन्छ, परमेश्वरको पुत्र। तपाईं मात्र एक हुनुहुन्छ जो संसारमा आउनु भएको थियो।"

- के मार्था येशू उद्धारकर्ता परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्थिन् ?
- गर्थिन् ।

- त्यसपछि मार्थाले तिनकी दिदी मेरीलाई बोलाइन् ।

आउनुस् यूहन्ना ११:२८-३८ पद पढौं ।

[28] मार्थाले त्यसो भनी सके पछि उनी आफ्नो बहिनीकहाँ गईन् अनि गुप्तरूपमा मार्थाले
मरियमलाई भनी, "गुरुज्यू यहाँ हुनहुन्छ। उहाँले तिमीलाई सोधी रहुनभएकोछ।" [29] जब मरियमले
त्यस्तो सुनी, तिनी जुरूक्क उठिन् र येशूकहाँ गईन। [30] येशू गाँउ भित्र आइसक्नु भएको थिएन।
उहाँ अझ सम्म त्यही ठाउँमा हुनुहुन्थ्यो जहाँ मार्थासँग भेट भएको थियो। [31] यहूदीहरू मरियमसँग
घरमा थिए। तिनीहरूले उनलाई सान्त्वना दिइरहेका थिए। तिनीहरूले मरियमलाई छिट्टै उठेर
गएको देखे। तिनीहरूले सोचे कि तिनी लाजरसको चिहानमा गएकी हुन्। तिनीहरूले सोचे कि उनी
त्यहाँ रून गएकी हुन्। तिनीहरूले उनलाई पछ्याए। [32] मरियम त्यस ठाउँमा गइन् जहाँ येशू

हुनुहुथ्यो। जब उनले येशूलाई देखिन् उनले झुकेर चरणमा ढोगिन्। मरियमले भनिन्, “हे प्रभु, यदि
तपाईं त्यहाँ हुनु भएको भए, मेरा भाइ मर्ने थिएन।” 33 येशूले मरियमलाई रोएकी देख्नु भयो। येशूले
उनको पछि यहूदीहरू आइरहेको देख्नु भयो। तिनीहरू पनि रोई रहेका थिए। येशू एकदम उदास
अनि विचलित हुनु भयो। 34 येशूले सोध्नुभयो, “तिमीले उसलाई कहाँ राखेकाछौ।” तिनीहरूले भने,
“प्रभु, आउनु होस् अनि हेर्नुहोस्।” 35 येशू रुनुभयो। 36 अनि यहूदीहरूले भने, “हेर! येशूले लाजरसलाई
खुबै माया गर्नु हुन्थ्यो।” 37 तर कोही यहूदीहरूले भने, “येशूले अन्धा मान्छेको आँखा निको पारिदिनु
भयो। के उहाँले उसलाई बचाँउन केही गर्न सक्नु हुने थिएन उसलाई मर्नुबाट रोक्न हुने थिएन?”
38 येशू फेरि हृदयभित्रबाट अति शोकित हुनुभयो। येशू चिहानमा जानु भयो जहाँ लाजरसलाई
राखिएको थियो। चिहान ओडार जस्तो बनाइएको थियो जो ढुङ्गाले ढाकिएको थियो।

- लाजरसको चिहानको छेउमा गएर येशू किन रुनुभयो ?
- किनभने अरू मानिसहरू रोएको देखेर येशू दुखी हुनुभएको थियो ।

- संसारमा पाप भरिएको देखेर येशू दुखी हुनुभयो ।
- संसारमा मृत्यु देखेर येशू दुखी हुनुभयो ।

- जब मानिसहरूलाई चोट लाग्छ परमेश्वर दुखी हुनुहुन्छ ।
- जब मानिसहरू बिरामी पर्छन् परमेश्वर दुखी हुनुहुन्छ ।

- यो यसकारणले कि परमेश्वरले सबै मानिसहरूको सृष्टि गर्नुभयो र सबै मानिसलाई माया गर्नुहुन्छ ।

- त्यसपछि येशूले मानिसहरूलाई के भन्नुभयो ?

आउनुस् यूहन्ना ११:३९-४४ पद पढौं ।

39 येशूले भन्नुभयो, “ढुङ्गा हटाऊ।” मार्थाले भनिन्, “तर प्रभु लाजरस मरेको चार दिन भइसक्यो
तपाईंलाई नराम्रो गन्ध आउनेछ।” मार्था लाजरसको बहिनी थी। 40 तब येशूले मार्थालाई भन्नुभयो,
“के मैले तिमीलाई भनेको थिइन? कि यदि तिमाले विश्वास गरयौ भने परमेश्वरको महिमा
देख्नेछौ?” 41 तब तिनीहरूले प्रवेशद्वारको ढुङ्गा हटाई दिए। तब यशूले आफ्ना आँखा उठाउनु भयो र
भन्नुभयो, “पिता, तपाईंले मलाई सुन्नु भएकोमा म धन्यवाद प्रकट गर्छु। 42 म जान्दछु कि तपाईंले
सधैँ मलाई सुन्नुहुन्छ। तर मैले यो कुराहरू भनें किनभने मानिसहरू मेरो वरिपरि छन्। म
तिनीहरूलाई विश्वास दिलाउन चाहन्छु। कि तपाईंले मलाईं पठाउनु भएको हो।” 43 येशूले यति
भनिसकेपछि उहाँले जोड आवाजमा डाक्नुभयो, “लाजरस निस्क, बाहिर आऊ!” 44 मृत मान्छे बाहिर
निस्क्यो। उसका हात र खुट्टाहरू मलमलका लुगाका टुक्राहरूले बेह्रिएका थिए। उसको अनुहार

रूमालले ढाकिएको थियो। येशूले मानिसहरूलाई भन्नुभयो, "उसको लुगाहरू कात्रो खोलिदेउ र उसलाई जान देऊ।"

- येशूले के गर्नुभयो ?
- येशू चिहानको द्वारमा उभिनुभयो र लाजरसलाई मरेकाहरूबाट ब्यूँझिन बोलाउनुभयो ।

- के लाजरस मरेकाहरूबाट ब्यूँझि आयो ?
- आयो ।

- येशू कसरी मरेको लाजरसलाई जीवन दिन सक्षम हुनुभयो ?
- किनभने येशूले नै सबै जीवनलाई बनाउनुभएको हो ।

- येशूले किन लाजरसलाई मरेकाहरूबाट ब्यूँझाउने निर्णय गर्नुभयो ?

- किनभने येशू सबै मानिसहरूलाई परमेश्वरसँग मृत्युमाथि पनि अधिकार छ भन्ने कुरा देखाउन चाहनुहुन्थ्यो ।

- येशूले लाजरसलाई मरेकाहरूबाट ब्यूँताएपछि मानिसहरूले के भने ?

आउनुस् यूहन्ना ११:४५-४८ पद पढौं ।

45 मरियमलाई हेर्नु भनी त्यहाँ धैरै यहूदीहरू आए। तिनीहरूले येशूले गर्नु भएका अचम्मको काम
देखे। अनि ती मध्ये धैरै यहूदीहरूले येशूमा विश्वास गरे। 46 तर कोही यहूदीहरू फरिसीहरू भएकाहाँ
गए। येशूले गर्नुभएको कुरा फरिसीहरूलाई बताइदिए। 47 तब मुख्य पूजाहारीहरू र फरिसीहरूले यहूदी
परिषद्को सभा डाके। तिनीहरूले भने, "हामीले के गर्नु पर्ने? यो मानिसले धैरै चमत्कारहरू
गरिरहेछ। 48 यदि हामीले उनलाई त्यस्तो गर्न दिइरहयौं भने सबै मानिसहरूले ऊमाथि विश्वास
गर्नेछन्। तब रोमीहरू आउनेछन् र हाम्रा मन्दिर अनि जाति लानेछन्।"

- किनभने येशूले लाजरसलाई मरेकाहरूबाट ब्यूँझाउनुभयो त्यसैले केही मानिसहरूले येशूलाई उद्धारकर्ता प्रभुको रूपमा स्वीकार गरे ।

- किनभने येशूले लाजरसलाई मरेकाहरूबाट ब्यूँझाउनुभयो त्यसैले केही मानिसहरू बाहिर गए र उहाँलाई मार्ने षड्यन्त्र गरे ।

- कसले येशूलाई मार्न चाहन्थ्यो ?

- प्रधान पूजारी र फरिसीहरूले ।

- प्रधान पूजारी र फरिसीहरूलाई येशूलाई मार्नुपर्छ भनी कसले अगुवाइ गरिरहेको थियो ?
- शैतानले ।

- प्रधान पूजारी र फरिसीहरू येशूलाई किन मार्न चाहन्थे ?

- किनभने तिनीहरू धेरै दुष्ट थिए ।
- किनभने तिनीहरूले शैतानको कुरा सुने तर येशूको कुरा सुनेनन् ।

- तपाईं कसको कुरा सुन्दै हुनुहुन्छ, शैतानको वा येशूको ।